मिति: २०८०/०४/०२

श्रीमान् सभापति ज्यू,

नेपाली कांग्रेस केन्द्रीय कार्यसमिति

वीपी स्मृति भवन, वीपीनगर, सानेपा, ललितपुर

विषय: पार्टी रूपान्तरणका लागि सुझावहरू पेस गरिएको बारे।

महोदय,

मुलुकको ऐतिहासिक राजनीतिक परिवर्तनहरूको नेतृत्व गरेको नेपाली कांग्रेस पार्टीभित्र यति वेला देशभरिका इमान्दार,निष्ठावान नेता एवं सदस्यहरुलाई पछिल्ला निम्नलिखित राजनीतिक घटनाक्रम र अवस्थाले चिन्तित र गम्भीर बनाएको छ:

• पछिल्लो प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा लोकप्रिय मतमा आएको गिरावट,

• पछिल्लो प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भएको अस्वाभाविक गठबन्धन र सरकार निर्माणको क्रममा भएको राजनीतिक दुर्घटना,

• उपनिर्वाचनको अनपेक्षित परिणाम,

• भ्रष्टाचार प्रकरणहरूमा पार्टीका नेताहरूको संलग्नता,

• विभिन्न जिल्लाका साथीहरूबाट व्यक्तिगत तथा सामूहिक रूपमा व्यक्त असन्तुष्टि, छटपटी र आक्रोश,

• पार्टीका अवयव तथा भ्रातृ/शुभेच्छुक संस्थाहरूमा देखिएको आन्तरिक अव्यवस्था,

• नीति विहीनता र बिधिविहीनतामा पार्टी सञ्चालन,

नेपाली कांग्रेसलाई समयसापेक्ष सुधार नगरी रूपान्तरणका आकांक्षा र आवश्यकतालाई समयमै सम्बोधन गरेर अघि नबढ्ने हो भने पार्टी सदस्यहरूमा झनझन निराशा बढ्दै जाने र पार्टीको लोकप्रिय जनधार खस्किँदै जाने स्थिति प्रस्ट छ।

यस सन्दर्भमा पार्टी रूपान्तरणका प्रमुख मुद्दा र समाधानका विकल्प बारे नेपाली कांग्रेस रूपान्तरण अभियानद्वारा सात वटै प्रदेश तथा विदेश स्थित जनसम्पर्क समितिहरु (डायस्पोरा) सँगको प्रथम चरणको छलफल सम्पन्न गरी काठमाडौं उपत्यकामा उपलब्ध प्राध्यापक, महिला तथा तरुण नेताहरूसँग समेत अन्तरक्रिया गर्दा प्राप्त सुझावहरूलाई पहिलो मस्यौदाका रूपमा सुचीबद्ध गरेका छौँ।

पार्टी रूपान्तरणका लागि प्राप्त महत्वपूर्ण सुझावहरूलाई पार्टीको औपचारिक संरचनाभित्र थप छलफल र निर्णय एवम् कार्यान्वयनको लागि हार्दिक अनुरोध गर्दछौँ।

जय नेपाल !!

नेपाली कांग्रेस रूपान्तरण अभियान

रुपान्तरण अभियानको तर्फवाट

**नेपाली कांग्रेस रूपान्तरणका एजेन्डा**

**(हालसम्म प्राप्त सुझावका आधारमा तयार प्रारम्भिक मस्यौदा)**

## १. पार्टीको सैद्धान्तिक, वैचारिक मौलिकताको रक्षा गर्नुपर्ने

• पार्टीले विशेश्वरप्रसाद कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला लगायतका नेताहरूको निष्ठापूर्ण संघर्ष, योगदान र विचार बिर्सँदै गएको र सिद्धान्तमुखीको सट्टा सत्तामुखी बन्दै गएकोमा तत्काल कोर्स करेक्सन गरी मौलिक धार अनुरूप विचार प्रधान राजनीतिको नेतृत्व गर्नुपर्छ।

नेपाली कांग्रेस पार्टीले आफ्नो मूलभूत आदर्श, मूल्य पद्धति र सिद्धान्तलाई कुनै पनि सर्तमा कहिले पनि कोहीसँग सम्झौता गर्ने छैन।

नेपाली कांग्रेस पार्टीका संस्थापक नेताहरूद्वारा प्रतिपादित राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवाद कांग्रेसको लागि हिजो पनि, आज पनि र भविष्यको लागि पनि मार्ग निर्देशक सिद्धान्त हुने छ।

सामाजिक समानतामा आधारित सामाजिक न्यायको सूत्रहरूलाई व्याख्या गर्दै संविधानमा उल्लेखित लोकतान्त्रिक समाजवाद उन्मुख राष्ट्र निर्माणका सूत्रहरू अगाडि सार्नुपर्ने छ।

लोकतान्त्रिक समाजवाद उन्मुख राष्ट्र निर्माण गर्न कांग्रेसका नेता तथा कार्यकर्ताहरूको ‘‘जीवन दर्शन’’ पनि समाजवादी झैँ हुनु पर्ने संहिता तयार गर्नु पर्ने छ।

कांग्रेसले समाजवाद उन्मुख राष्ट्र निर्माणको लागि अनुसरण गर्ने आचार विचार र व्यवहारलाई नै राष्ट्रको अवधारणा बनाउन पार्टी सदस्यलाई व्यापक प्रशिक्षणको व्यवस्था गरिनु पर्छ।

## २. समयसापेक्ष, स्पष्ट र जनमुखी नीति निर्माण गर्नुपर्ने

• १४ औं महाधिवेशन सकिएको ६ महिना भित्र गर्ने भनिएको नीति महाधिवेशन यथाशीघ्र सम्पन्न गर्नुपर्छ।

• हरेक तहका सभापति २ कार्यकालका लागि मात्र सोही पदमा रहन पाउने ब्यवस्था जस्तै एकै ब्यक्ति दुईपटकभन्दा बढी प्रधानमन्त्री हुन नपाउने ब्यवस्था गर्नुपर्छ ।

• संसदीय र पार्टी जिम्मेवारीमा आलोपालो कार्यकाल काम गर्ने ब्यवस्था राख्नुपर्छ।
• शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलस्रोत लगायतका क्षेत्रका sectoral नीतिमाथि प्रजातान्त्रिक समाजवादी दर्शन अनुरुप परिमार्जन गर्नुपर्छ ।

• नीति निर्माण गर्दा कांग्रेसले किसान, न्यूनवेतनभोगी श्रमिक, गरिवीको रेखा मुनिका जनता, सिमान्तकृत-अल्पसंख्यक समूदाय र पिछडिएका भेग वा क्षेत्रलाई विशेष प्राथमिकतामा राख्नुपर्छ।
• देश भित्र लगानीको वातावरण आाकर्षक र विश्वासिलो बनाउनु पर्छ। गैर आवासीय नेपाली नागरिकलाई लगानीको क्षेत्रमा आउन कुनै किसिमको बन्देज नलाग्ने नीति लिनुपर्छ।

• पार्टीको भावी नीति अधिवेशनमार्फत दिइने सन्देशबाट नेपाली कांग्रेस सच्चिएको, सुधारको मार्गमा अगाडि बढेको देखिनु पर्छ । कर्मकाण्डी नीति अधिवेशन नभएर अधिवेशनले कांग्रेस रूपान्तरणको ठोस कार्यसूची अगाडि ल्याउनु पर्छ ।

• पार्टी स्थापना कालदेखि आजसम्म पारित विभिन्न निर्णय र दस्ताबेजहरूमा रिभिजिट, रिराइट गर्ने र तीनको औचित्य र आवश्यकता हेरी कार्यान्वयनको दिशामा अगाडि बढाउने ।

खास गरी पार्टीको घोषणापत्रहरू बेवारिसे भए, यसको कारण प्रबुद्ध समाजमा कांग्रेसको साख गयो । कांग्रेसलाई समाजको सबै तप्काहरूसँग जोड्न र एक पटक पार्टीका सबै लिट्रेचरमा रिभिजिट नगरी हुँदैन ।

## ३.“समुन्नत नेपाल, सम्मानित नेपाली” को लक्ष्यलाई राष्ट्रिय संकल्प बनाउनु पर्ने

• प्रत्येक तहका सरकारले चुनावी घोषणापत्र कार्यान्वयनलाई अर्जुनदृष्टी बनाउनुपर्छ। पार्टीले शक्तिशाली निकाय नै खडा गरेर त्यसको नियमित अनुगमनको ब्यवस्था गर्नुपर्छ ।

• सार्वजनिक महत्वका हरेक क्षेत्रमा कांग्रेसले सिस्टम बसाल्नमा जोड दिनुपर्छ।

• क्षणिक सत्ता प्राप्तिका लागि कांग्रेसले असंसदीय, असैध्दान्तिक, अलोकतान्त्रिक संझौता वा सहमति गर्नु हुँदैन।

• नेपाली कांग्रेसको नेतृत्वमा भए गरेका काम, उपलब्धी र परिणामहरूके ब्यापक प्रचारप्रसार गर्नुपर्छ ।

• यस राष्ट्रिय संकल्पलाई पुरा गर्न सामाजिक एवं सांस्कृतिक बिशेष अभियानहरू सन्चालन गर्नुपर्छ ।

**४. पार्टी सदस्यता प्रणालीलाई खुला, सहज र पारदर्शि बनाउनु पर्ने**

• कांग्रेसको सदस्यता वितरणपूर्व पार्टी बारे आधारभूत प्रशिक्षण संचालन गर्नुपर्छ र विचारधाराबाट अभिप्रेरित नागरिकलाई मात्र सदस्यता प्रदान गर्नुपर्छ ।

• सदस्यता प्राप्तिका लागि अनलाईनबाट खुला आवेदन गर्न सकिनेगरी सहज तुल्याउनु पर्छ।
• सदस्यता प्राप्त गरेका सबै सदस्यहरुको सामुहिक सपथ-ग्रहण भने मतदाता नामावली भएको वडामा सम्वन्धित वडा कार्यसमितिको ब्यवस्थापनमा हुनुपर्छ ।

**५. पार्टीका सबै तहले विधानमा तोकिए बमोजिमका काम, कर्तव्य र अधिकारको पूर्ण पालना गर्ने तथा त्यसको अनुगमन र मूल्यांकनको ब्यवस्था गर्नुपर्ने**

• विधानमा ब्यवस्था भएअनुसारका सबै तहलाई समयमै पूर्णता दिनुपर्छ साथै बार्षिक सम्मेलनहरु समय मै गर्नु गराउनुपर्छ।

• टोल समितिदेखि केन्द्रीय समितिसम्म नियमित बैठक बसेकै हुनुपर्छ र त्यसको अनुगमनको ब्यवस्था समेत हुनुपर्छ ।

• विभाग, समितिहरु तत्काल गठन हुनुपर्छ । यसमा रहने पदाधिकारी एवं सदस्यहरू निश्चित मापदण्डका आधारमा छनोट गर्नुपर्छ ।

• सबै तहका पार्टि संरचनाले बार्षिक क्यालेन्डर बनाइ सf] का अfधारमा संगठन चलायमान बनाउनुपर्छ ।

• वार्षिक रुपमा नयाँ सदस्यता बनाउने तथा सदस्यता नवीकरण गर्ने प्रक्रियालाई समयवध्द स्वचालित गराउनुपर्छ।

• डिजिटल कांग्रेसलाई नारामा मात्र होइन, अभ्यासमा ल्याउनुपर्छ।

• जिल्ला सभापति भेला भएजस्तै प्रदेश पदाधिकारी, उपसभापति, सचिव, कोषाध्यक्ष, प्रतिनिधिसभा सभापति, प्रदेशसभा क्षेत्रीय सभापति र पालिका सभापति भेला तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्छ ।

• केन्द्रीय कार्यसमितिको घुम्ती बैठक (कहिले कुन जिल्ला, कहिले कुन ठाऊँ) आयोजन गर्नुपर्छ ।

• पार्टीको प्रोटोकल सम्वन्धी ब्यवस्था अविलम्ब तयार गरी सबै तल्ला निकायहरुमा पठाउनु पर्छ।

• सबै तहका पार्टी कार्यालय निर्माणमा प्रोत्साहित गर्नुपर्छ ।

• "नेपाली कांग्रेसको आफ्नै गान" तयार गरी हरेक कार्यक्रमको शुरुमाअनिवार्य बजाउनु पर्दछ।
• प्रत्येक जिल्लामा स्पष्ट TOR सहित अधिकारसम्पन्न प्रतिनिधिका रुपमा केन्द्रीय सदस्यलाई पठाई ३/३ महिनामा प्रतिवेदन केन्द्रीय कार्यसम्पादन समितिले हेर्नुपर्दछ।

• १४ औं महाधिवेशनका सिलसिलामा आजसम्म महासमिति सदस्यहरु चयन नभएका जिल्लामा अविलम्ब सम्पन्न गर्न निर्देशन पठाउनु पर्दछ।

• जातिय छुवाछुत, महिला हिंसा लगाएतका बिकृतिहरू बिरूद्द राष्ट्रब्यापी अभियान चलाउनु पर्छ ।

## ६. पार्टी विधानलाई अविलम्ब संशोधन गर्नुपर्ने

• केन्द्रीय सदस्य स्वतः महाधिवेशन हुने ब्यवस्था खारेज हुनुपर्छ ।

• पार्टी संरचनामा १८-३० उमेर समूह, किसान, श्रमिक,

सहीद/प्रजातन्त्रसेनानी/द्वन्द्वपीडित परिवारलाई समेट्ने ब्यवस्था गर्नुपर्छ ।

• पार्टी र भातृशुभेच्छुक संघसंस्थाका सबै संरचना र पदाधिकारीमा ३३% महिला सहभागिता सुनिश्चित गर्नुपर्छ।

• पार्टीको सबै तहको नेतृत्व पार्टीका सदस्यहरुको प्रत्यक्ष मतदानबाट निर्वाचित गर्नुपर्छ।

• सबै तहमा १५ प्रतिशत विज्ञ, लब्ध-प्रतिष्ठितलाई सोझै मनोनयन गर्न सकिने ब्यवस्था गर्नुपर्छ ।

## ७. संविधान संशोधनका लागि अग्रसरता लिनुपर्ने

• स्थानीय तह मूलतः बिकासे तह भएका कारण यसको निर्वाचन दलगत आधारमा नभई स्वतन्त्र हैसियतमा हुनेगरी संविधान संशोधन गर्नुपर्छ।

• महिला सहभागिता न्यूनतम ३३% सुनिश्चित हुनेगरी तीन वटै तहको ब्यवस्थापिका, कार्यपालिकाको पुनर्संरचना बारे ब्यापक छलफल गरी विद्यमान संवैधानिक ब्यवस्थालाई संशोधन गर्नुपर्छ ।

• स्थानीय तहको वडाध्यक्षमा समेत न्यूनतम ३३% महिला बीच मात्र प्रतिस्पर्धा हुनेगरी संविधान संशोधन गर्नुपर्छ ।

• राष्ट्रपति र उपराष्ट्रपति अलग-अलग लिंग र समूदायबाट हुनेगरी संविधान संशोधन गर्नुपर्छ ।

• स्थानीय तहका पालिका र जिल्ला समन्वय समितिको निर्वाचनका बेला दलहरुबीच चुनावी गठबन्धन हुँदा समेत प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्ष मध्ये एकमा महिला हुनैपर्ने वाध्यकारी ब्यवस्था संविधान मै स्पष्ट राख्नुपर्छ।

**८. सरकार संचालन सर्वसाधारण जनताका लागि प्रभावकारी एवं परिणामदायी बनाउनु पर्ने**

• पार्टीबाट मन्त्रीमण्डलमा गएका साथीहरुलाई मन्त्री पद अस्थायी हुन्छ र आफूले गरेका राम्रा कामका कारण जनताले मनैदेखि दिने आदर-सम्मान चाहीं स्थायी हुन्छ भन्ने कुराको हेक्का दिलाई रहनुपर्छ।

• ट्रेड यूनियन अधिकार सुनिश्चित गरिनुपर्छ। तर दल, समुदाय पिच्छेका ट्रेड यूनियनहरु खारेज गरी एकल ट्रेड युनियन संस्थाको निर्माण गर्नुपर्छ।

• आजसम्मको आरक्षण सम्वन्धी ब्यवस्था र अभ्यास तथा यसको प्रभाव र परिणाम बारे वस्तुगत समीक्षा गर्नुपर्छ । आर्थिक अवस्थामा आधारित वर्गीय सकारात्मक विभेदको नीति अवलम्बन गर्दै जानुपर्छ।

• सरकार वा सरकारको आधिकारिक प्रतिनिधिले शिक्षक, विद्यार्थी, किसान, ट्रेड युनियनकर्मी वा जोसुकै ब्यक्ति वा संस्थासँग गरेको सहमति पूर्ण पालना गर्नुपर्छ।

• कानून वा नियमावलीको छिद्र खोजेर गंभीर घटनाका अपराधी, मानवता विरुद्धको जघन्य घटनाका दोषीलाई उन्मुक्ति दिनु हुँदैन । दण्डहिनताको अन्त्य गर्नुपर्छ ।

• मूल्यबृध्दी, कालोबजारी तथा विचौलियाको मारबाट जनतालाई जोगाउने राज्यले हो। राज्यले निम्न वर्ग, निम्न मध्यम वर्ग र मध्यम वर्गको जनजिविकासँग विशेष सरोकार राख्नुपर्छ।

• गरिवीको रेखामुनी रहेका जनतालाई निःशुल्क शिक्षा, स्वास्थ्य, सीप, प्रविधि र रोजगारको ब्यवस्था राज्यले नै गर्नुपर्छ।

• स्वदेशका युवा जनशक्ति बिदेसिनु नपर्ने र विदेशमा रहेका जनशक्ति स्वदेश फर्किएर देश निर्माणमा योगदान गर्न आकर्षित हुने विकासको मोडेल अंगिकार गर्नुपर्छ।

• सरकारको काम नागरिकलाई कम समय र खर्चमा सेवा र सुविधा दिने हो, दुख, तनाव र झण्झट दिने होइन भन्ने आदर्शबाट अभिप्रेरित रही सेवाप्रदायक निकाय वा संस्थाको सेवाप्रवाहलाई प्रभावकारी बनाउनुपर्छ।

• मुस्कान सहितको सेवा सुनिश्चित गर्नुपर्छ।

**९. भ्रष्टाचारविरुद्ध सशक्त अभियान चलाउनु पर्ने**

• नेपाली कांग्रेसले जनस्तरसम्मै भ्रष्टाचार बिरुध्दको विश्वासिलो अभियान चलाउनु पर्छ।र सदाचारितालाई समाजको मूल मूल्यको रुपमा स्थापित गर्न भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाउनु पर्छ।
• बहुचर्चित वाईडबडी, फोरजी, सेक्युरिटी प्रिण्टिंग प्रेस, यति, ओम्नी लगायत सबै भ्रष्टाचार काण्डहरुको निष्पक्ष छानवीन गर्नुपर्छ र दोषी प्रमाणित भएकालाई सख्त कार्वाही गर्नुपर्छ।

• नक्कली भूटानी शरणार्थी, ललिता निवास लगायतका भ्रष्टाचार काण्डमा दोषी देखिएका पार्टी नेता वा सदस्यहरुलाई तत्काल निलम्वन गर्नुपर्छ। साथै, हरेक अख्तियार दुरुपयोग वा भ्रष्टाचारका घटनाको छानवीन तथा अनुसन्धानमा पार्टीले पूर्ण सहयोग गर्नुपर्छ।

• सम्पत्ति शुध्दीकरण सम्वन्धी कानूनलाई थप कडाईका साथ लागु गर्नुपर्छ र गैरकानूनी आर्जन राज्यले जफ्त गर्नुपर्छ।

• भ्रष्टाचार तथा अख्तियार दुरुपयोगमा दोषी ठहरिएका ब्यक्तिलाई ‘‘जतिउच्च पद, उति बढी सजाय’’ को ब्यवस्था गर्नुपर्छ।

• भ्रष्टाचार निवारण तथा अख्तियार दुरुपयोग सम्वन्धी छानवीन गर्ने निकाय भित्रै भ्रष्टाचार वा अख्तियारको दुरुपयोग भएको पाइएमा दोब्बर सजायको ब्यवस्था हुनुपर्छ।

**१०. सिद्धान्तहिन चुनावी गठबन्धन (Pre-poll Alliance) नगर्ने प्रतिवध्दता जनाउनु पर्ने**

• बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक शासनप्रणालीका लागि निरन्तर संघर्ष गरेको नेपाली कांग्रेसले चुनावी गठबन्धन गर्नु हुँदैन। दलीय प्रतिस्पर्धालाई उत्प्रेरित गर्नुपर्छ ।

• चुनावी गठबन्धनले पार्टी सदस्यहरुमा पारेको वैचारिक, मनोवैज्ञानिक विचलन र असुरक्षाले दीर्घकालिन असर पारेको छ, पुरानै निष्ठा र ईमान्दारिताको बाटोमा फर्किन थोरै समय र सानो मेहनतले संभव देखिदैन। यसका लागि छुट्टै विशेष अभियान र शंकल्पको आवश्यकता छ।

• चुनावी गठबन्धनले सिद्धान्त, आदर्श र विचारको प्रतिस्पर्धालाई निषेध गरेकाले यसप्रकारको अभ्यास शासनको लुछाचुँडीमा रुपान्तर हुनगई अस्थीरता बढ्न गयो। अन्ततः लोकतन्त्र माथि नै अविश्वास, निराशा पैदागर्ने भएकाले यसप्रकारको चुनावी गठबन्धनमा जानु हुँदैन।

• निर्वाचन पछि सरकार निर्माणका बखत एकल बहुमत प्राप्त नभएको अबस्थामा भने विचार, नीति र कार्यक्रमका हिसावले निकट दलसँग सहकार्य गर्न सकिनेछ।

## ११. देशभक्तिपूर्ण विदेश नीति अवलम्बन गर्नुपर्ने

• राष्ट्रियताको मूल आधार सबै खाले नागरिकबीच एकता, सहिष्णुता, प्रगति र सन्तुष्टिलाई बनाउनुपर्छ ।

• राष्ट्रियताको आवरणमा खास मुलुकको अन्ध विरोध र खास मुलुकको अन्ध भक्तिले कदापि देसहित हुँदैन ।

• नेपाल र नेपालीको हीतलाई केन्द्रविन्दुमा राखेर द्वीपक्षीय, त्रिपक्षीय वा बहुपक्षीय सहकार्य गर्दै जानुपर्छ ।

• देशभक्ति सम्वन्धी नागरिक शिक्षा पाठ्यक्रममा समावेश गराउन पहल गर्नुपर्छ।

## १२. गुट उपगुटको अन्त्य गरी "एजेण्डामा आधारित राजनीति" लाई उत्प्रेरित गर्नुपर्ने

• नेपाली कांग्रेसको मूल्यांकन प्रणाली, अनुशासन प्रणाली, न्याय/अन्याय, आग्रह/पूर्वाग्रह सबै गुट, उपगुटका कारण गंभीर प्रभावित छ। कांग्रेस भित्र एकअर्का बीचको सामान्य बेमेल, विमतिलाई घृणा, निशेधमा बदल्ने काम केन्द्रको आडमा गुट राजनीतिले गरिरहेछ। गुटको नजरबाट प्रत्येक सदस्यलाई हेर्ने र आफूसँग वैचारिक असहमति राखेका कारण लामो योगदान गरेका साथीहरुको राजनीतिक भविष्य समाप्त गरिदिने विवेकहीन अपराध कांग्रेस भित्र सामान्य हुन गएको छ। मुहान सड्•लो नभएसम्म धारामा फोहोर

पानी आइरहने र स्वास्थ्य खराब भइरहने हुन्छ । गुटको निर्माता र संरक्षक माथिल्ला नेताहरु नै भएकाले त्यहींबाट शुध्दीकरण सुरु हुनुपर्छ ।

• तजविजी अधिकारको अन्त हुनुपर्छ । र पार्टी सामुहिकतामा चल्नुपर्छ।

• पार्टी भित्रका सबै अवसर निश्चित मापदण्डका आधारमा मात्र वितरण गर्नुपर्छ ।

## १३. योग्यतन्त्र (मेरिटोक्रेसी) लाई हर अवसर वितरणको मूलमन्त्रको रुपमा अवलम्बन गर्नुपर्ने

• पार्टीले अवसर प्रदान गर्दा “सही व्यक्तिः सही स्थान (Right Person, Right Place)” हुनुपर्छ।

• पार्टीले खटाएको, नियुक्ति वा मनोनयन गरेको ब्यक्तिले राम्रो काम गर्न नसकेमा पार्टीले फिर्ता बोलाउनु पर्छ।

• राज्य संयन्त्रहरु जस्तै संवैधानिक निकाय, अदालत, विश्वविद्यालय, राजदुत, संस्था वा वोर्ड वा समितिको उच्चपदस्थ नियुक्ति योग्यता र सम्वन्धित क्षेत्रको अनुभवको आधारमा गर्ने पहलकदमी लिनुपर्छ।

• नातावाद, कृपावादको अन्त्य हुनुपर्छ ।

## १४. निर्वाचन प्रणाली परिवर्तन गर्नुपर्ने

• समानुपातिक निर्वाचन प्रणालीलाई खारेज गर्नुपर्छ ।

• सम्पूर्ण निर्वाचन क्षेत्रको एक-तिहाई क्षेत्रमा महिलामात्र उम्मेदवार हुनपाउने गरी संविधान परिमार्जन गर्नुपर्छ।

• निर्वाचन खर्चको सम्पूर्ण जिम्मा निर्वाचन आयोग मार्फत सरकारको रहनेगरी “उम्मेदवार शून्य निर्वाचन खर्च प्रणाली” अवलम्बन गर्नुपर्छ। खर्चिलो निर्वाचनपध्दति नै राजनीति भित्रको सारा आर्थिक अनियमितता एवं भ्रष्टाचारको मूलकारण भएकाले “मनी होइन, मोरालिटी” लाई प्रोत्साहित गर्नुपर्छ।

## १५. स्थानीय, प्रदेश र संघीय संसदको विद्यमान संरचनालाई परिवर्तन गर्नुपर्ने

• प्रदेशको प्रभावकारिता बढाउने वा विकल्प बारे सोच्ने भन्नेमा छलफल केन्द्रीत गर्नुपर्छ।

• राष्ट्रिय सभालाई समानुपातिक समावेशी बनाउनु पर्छ।

• उपराष्ट्रपति नै राष्ट्रिय सभाको अध्यक्ष रहने ब्यवस्था गर्नुपर्छ ।

• सबै तहका ब्यवस्थापिका र कार्यकारीणीमा एक-तिहाई महिलाको सहभागिता सुनिश्चित हुनेगरी पुनर्संरचना गर्नुपर्छ ।

## १६. सुशासन प्रवर्द्धन गर्नुपर्ने

• राज्य वा पार्टी संचालनको मूल सिद्धान्तका रुपमा पारदर्शिता, जवाफदेहिता र सहभागिता (TAP) लाई अपनाउनु पर्छ।

• तीन तहका सरकार मध्ये जनताको निकटको स्थानीय सरकारलाई जनसहभागितामा आधारित "घरदैलो सेवक" का रुपमा विकास गर्नुपर्छ । Social Audit लाई वाध्यकारी बनाउनुपर्छ ।

• Digital Governance मा जोड दिनुपर्छ।

• नीतिगत भ्रष्टाचारको समेत छानवीन गर्न पाउने गरी उच्चस्तरीय शक्तिशाली आयोग गठन गर्न पहल गर्नुपर्छ।

• सेवा प्रवाह (डेलिभरी सिष्टम) लाई प्रभावकारी बनाउनु पर्छ।

## १७. नैतिक मूल्यको संस्कृतिलाई संवर्द्धन एवं प्रवर्द्धन गर्नुपर्ने

• पैसा, पाखुरा र पाखण्डता केन्द्रित मूल्य र मूल्यांकन पद्धतिलाई निरुत्साहित गर्नुपर्छ ।

• पार्टी वा राज्यसंयन्त्र भित्र ब्यक्ति छनौटको प्रवल आधार सदाचारिता र नैतिक पृष्ठभूमिलाई बनाउनुपर्छ ।

## १८. उद्यमशीलता बढाउने एवं आत्मनिर्भर गराउनु पर्ने

• पेसा, ब्यवसाय वा आत्मनिर्भर आयआर्जन विनाको कुनै पनि ब्यक्तिको राजनीतिमा प्रवेशलाई प्रोत्साहित गर्नुहुन्न।

• पार्टी भित्र रहेका हर सदस्यलाई उद्यमशीलतासँग जोड्नुपर्छ।

• पेसा, ब्यवसायमा राजनीति लेख्ने प्रचलनलाई अन्त्य गरी राजनीतिलाई पूर्णतः सेवाको क्षेत्र बनाउनुपर्छ ।

## १९. भातृ/शुभेच्छुक संघसंस्थाहरुको पुनर्जीवन र स्वचालन सुनिश्चित गर्नुपर्ने

• भातृ संघ र शुभेच्छुक संस्थाहरु कुनकुन आवश्यक छन, कुनकुन छैनन वा कुन नयाँ चाहिएको छ, त्यसको वस्तुगत विश्लेषण गरिनु जरुरी छ। भातृ संघ र शुभेच्छुक संस्था सबैलाई एकै हिसावले हेरिनु हुँदैन, उनीहरुको विषयगत विशिष्टताको सम्मान गर्नुपर्छ।

• एक ब्यक्ति धेरैतिर सदस्य रहेको अवस्था छ। विधान अनुरूप एक ठाऊँ बाहेक अन्यत्र छोड्न वाध्य हुनेगरी केही समय वा अवसर दिनुपर्छ।

• सधै तदर्थ समिति बनाउनेतर्फ पार्टी अग्रसर हुनुहुँदैन। भातृ/शुभेच्छुक संघसंस्थाको सदस्यता वितरण र महाधिवेशन नियमित गर्नुपर्छ । समय सापेक्ष रूपमा भूमिका परिवर्तन गर्नु पर्छ । प्रत्येक सदस्य मतदाता रहनेगरी सोझै सदस्यहरुबाट नेतृत्व निर्वाचित गर्नुपर्छ ।

• वार्षिक क्यालेण्डर बनाउन लगाउने र सो को प्रगति विवरण ६/६ महिनामा पार्टीको सम्वन्धित तहमा बुझाउने ब्यवस्था गर्नुपर्छ ।

• सबै भातृ शुभेच्छुक संघ संस्थालाई आफ्नो विषयगत तथा जनसरोकारका एजेन्डा सम्बन्धि रचनात्मक क्रियाकलापमा अग्रसर बनाउनु पर्छ ।

## २०. पार्टीको आय-ब्ययलाई पारदर्शी तथा जवाफदेही बनाउनु पर्ने

• प्रत्येक पार्टी पदाधिकारीले वार्षिक रुपमा आफ्नो सम्पत्ति विवरण आवधिक गरी पार्टी कार्यालयमा बुझाउनु पर्छ ।

• पार्टीको आय-ब्ययलाई बैंकिङ प्रणालीबाट मात्र संचालन गर्नुपर्छ । अनिवार्य वार्षिक लेखा परिक्षण गराउनु पर्दछ।

• पार्टीका नाममा संकलित अपारदर्शी रकमलाई भ्रष्टाचार सरह मान्नुपर्छ।

• पार्टी भित्र पार्टीका नाममा कसैमाथि आर्थिक अपचलन वा दुरुपयोगको आरोप लागेको खण्डमा समय मै पार्टी स्वयंले आन्तरिक छानबीन अगाडि बढाउनुपर्छ।

• पार्टी भित्र विचौलिया र तस्करलाई निरूत्साहित होइन निशेध गर्ने र कसैको त्यस्तो साँठगाँठ देखिए छानविन आयोग गठन गरी तत्कालै दोषी ठहर भए कडा कारवाही गर्ने।

• पार्टीले सातै प्रदेशमा आर्थिक अनुशासन कायम गर्न एउटा छुट्टै स्वतन्त्र आर्थिक अनुशासन आयोग गठन गर्ने।

## २१. पार्टीलाई अनुसन्धानमूलक, सृजनशील बनाउनुका साथै पार्टी भित्र अध्ययन संस्कृतिको बिकास गर्न जोड दिनुपर्ने

• पार्टी नेताहरुले घर वा मन्त्रालयबाट नभई पार्टी कार्यालयबाट पार्टी भेटघाट, बैठक, वा पार्टी सम्वन्धी गतिविधिहरु संचालन गर्नुपर्छ।

• पार्टीका हरेक तहमा पार्टी पुस्तकालय, अध्ययन केन्द्र वा श्रोत केन्द्र स्थापना गरी त्यसमार्फत लोकतान्त्रिक ज्ञान परिक्षा, साहित्यिक प्रतियोगिता, बौद्धिक मानसिक खेल प्रतियोगिता आदि संचालन गर्नुपर्छ।

• पार्टी स्वयंसेवकहरुको रोष्टर तयार गरी शैक्षिक, सरसफाई, विपद ब्यवस्थापन आदि सामाजिक योगदानका क्षेत्रमा परिचालित गर्नुपर्छ।

• तराई मधेसका नेताका नाममा पहाडमा र पहाडका नेताका नाममा तराई मधेसमा अस्पताल, पुस्तकालय, विद्यालय, बाटोघाटो आदि निर्माण वा श्रमदानमा पार्टी पंक्तिलाई परिचालन गर्नुपर्छ।

• पार्टी लिटरेचर लेखन तथा प्रकाशनमा लेखक, बुध्दिजीवी र पार्टी सदस्यहरुलाई प्रोत्साहित गर्नुपर्छ।

• अध्ययन संस्कृति बढाउन ठाउँ ठाउँमा "स्टडि सर्कल" तथा e-library संचालन गर्नुपर्छ।

नेपाली कांग्रेस पार्टीले आफ्नो मूलभूत आदर्श, मूल्य पद्धति र सिद्धान्तलाई कुनै पनि सर्तमा कहिले पनि कोहीसँग सम्झौता गर्ने छैन।

नेपाली कांग्रेस पार्टीका संस्थापक नेताहरूद्वारा प्रतिपादित राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र समाजवाद कांग्रेसको लागि हिजो पनि, आज पनि र भविष्यको लागि पनि मार्ग निर्देशक सिद्धान्त हुने छ।

सामाजिक समानतामा आधारित सामाजिक न्यायको सूत्रहरूलाई व्याख्या गर्दै संविधानमा उल्लेखित लोकतान्त्रिक समाजवाद उन्मुख राष्ट्र निर्माणका सूत्रहरू अगाडि सार्नुपर्ने छ।

लोकतान्त्रिक समाजवाद उन्मुख राष्ट्र निर्माण गर्न कांग्रेसका नेता तथा कार्यकर्ताहरूको "जीवन दर्शन" पनि समाजवादी झैँ हुनु पर्ने संहिता तयार गर्नु पर्ने छ।

कांग्रेसले समाजवाद उन्मुख राष्ट्र निर्माणको लागि अनुसरण गर्ने आचार विचार र व्यवहारलाई नै राष्ट्रको अवधारणा बनाउन पार्टी सदस्यलाई व्यापक प्रशिक्षणको व्यवस्था गरिनु पर्छ।

पार्टीको भावी नीति अधिवेशनमार्फत दिइने सन्देशबाट नेपाली कांग्रेस सच्चिएको, सुधारको मार्गमा अगाडि बढेको देखिनु पर्छ । कर्मकाण्डी नीति अधिवेशन नभएर अधिवेशनले कांग्रेस रूपान्तरणको ठोस कार्यसूची अगाडि ल्याउनु पर्छ ।

पार्टी स्थापना कालदेखि आजसम्म पारित विभिन्न निर्णय र दस्ताबेजहरूमा रिभिजिट, रिराइट गर्ने र तीनको औचित्य र आवश्यकता हेरी कार्यान्वयनको दिशामा अगाडि बढाउने ।

खास गरी पार्टीको घोषणापत्रहरू बेवारिसे भए, यसको कारण प्रबुद्ध समाजमा कांग्रेसको साख गयो । कांग्रेसलाई समाजको सबै तप्काहरूसँग जोड्न र एक पटक पार्टीका सबै लिट्रेचरमा रिभिजिट नगरी हुँदैन ।